जसले अल्लाहको लागि हज गर्यो, र (स्वास्नी सँग) सम्भोग गर्नु बाट र अनैतिक कार्यहरूबाट टाढा रह्यो भने ऊ आमाको कोखबाट जन्मेको दिन झैं पवित्र हुन्छ" ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "जसले अल्लाहको लागि हज गर्यो, र (स्वास्नी सँग) सम्भोग गर्नु बाट र अनैतिक कार्यहरूबाट टाढा रह्यो भने ऊ आमाको
कोखबाट जन्मेको दिन झैं पवित्र हुन्छ" । [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, कि जसले अल्लाहको लागि हज गर्छ र 'रफस' बाट टाढा रहन्छ । 'रफस' भनेको यौन सम्बन्ध र यस सँग सम्बन्धित गतिविधिहरू हुन्, जस्तै: चुम्बन र सहवास, 'रफस' अभद्र बोलीलाई पनि भनिन्छ । र 'फिस्क' बाट टाढा रहनुको अर्थ: उसले पाप र खराब कामहरू गर्दैन । त्यसैगरी एहरामको अवस्थामा निषेधित कार्यहरूबाट पनि टाढा रह्यो भने ऊ आफ्नो हजबाट पापरहित फर्कन्छ, ऊ आमाको कोखबाट जन्मेको दिन झैं पवित्र हुन्छ ।

http://sunnah.global/hadeeth/ne/show/2758